आज मिति २०८०।०५।१० गतेका दिन विहान ९:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको २५ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपशील**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | — |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | — |
| ५ | श्री लव बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | — |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | — |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | — |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | — |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | — |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | — |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | — |
| २१ | शेर बहादुर बुढा | सचिव | |

**अन्य उपस्थिति:**

| | | | |
|---|---|---|---|
| १ | प्रयागराज खनाल | नगर प्रमुखको सचिवालय | |
| २ | | | |

Scanned with CamScanner

**प्रस्ताव नं. १कवाडी सामानको निकासी र बसपार्कमा पार्किङ शुल्कको ठेक्का सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाबाट मिति २०८०।०४।०३ गते आह्वान गरेको ठेक्का नं. 1/LCM/SQ/2080/081 र 2/LCM/SQ/2080/081 को क्रमश: कवाडी सामानको निकासी शुल्क र बसपार्कमा सवारी साधनको पार्किङ/प्रवेश शुल्कको सूचना उपर तोकिएको समयावधि भित्र पेश हुन आएका वोलपत्रहरुको नगरपालिकाको मुल्यांकन समितिबाट मूल्यांकन गर्दा ठेक्का नं. 1/LCM/SQ/2080/081 तर्फ Minu Builders, Dhangadhi, Kailali र ठेक्का नं. 2/LCM/SQ/2080/081 तर्फ Amrita Nirman sewa Ramaroshan, Achham मूल्यांकित भई मिति २०८०।०४।२४ गते आशयको सूचना प्रकाशन भएकोमा युकी बिल्डर्स टिकापुर, कैलालीले पुन: मूल्यांकनका लागि निवेदन पेश गरेकोमा मूल्यांकन बमोजिम ठेक्का नं. 1/LCM/SQ/2080/081 को उच्च अंक कबोल र तत्पश्चातका उच्च अंक कबोल गर्ने कमश: फर्महरुले नविकरणको कागजात पेश नगरेकोमा पेश गरिएको उच्च कबोल अंक र नविकरण कागजात पेश गर्ने फर्मबिच कबोल रकम धेरै फरक भएको साथै ठेक्का नं. 2/LCM/SQ/2080/081 को उच्च रकम कबोल गरेको फर्मले धरौटी पेश नगरेको साथै दोस्रो तथा तत्पश्चातका उच्च अंक कबोल गर्ने फर्मले नविकरणको कागजात पेश नगरेको अवस्थामा नविकरणका कागजात पेश गरेका फर्महरुसंग सम्झौता गर्दा कार्यालयलाई नोक्सान हुन जाने भएको हुँदा उक्त बोलपत्र (ठेक्का) रद्द गरि पुनः पहिले नै कायम गरीएको कवोल अंक राखेर १५ (पन्ध्र) दिनको म्याद राखि पुन:वोलपत्र आह्ववान गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. २ नगर प्रहरी छनौट कार्यविधी २०८० स्वीकृत सम्बन्धमा।**

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको बिधान समिति मार्फत यस कार्यपालिका बैठकमा पेश हुन आएको लम्कीचुहा नगरपालिकाको नगर प्रहरी छनौट कार्यविधि, २०८० लम्कीचुहा नगरपालिकाको आगामी कार्यपालिका बैठकबाट पारित गर्ने गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २ मा मेरो असहमति छ।

**प्रस्ताव नं. ३ जगाको मुआब्जाका लागि सिफारिस गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार मार्फत निर्माण भईरहेको हुलाकी राजमार्ग अन्तर्गत शाखा सडकका रुपमा रहेको लम्की-टिकापुर-खक्रौला सडक खण्ड अन्तर्गत लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी बल बहादुर बिष्टको जग्गा उक्त सडक खण्डमा परेको र सम्बन्धीत पक्षबाट सडक निर्माणका क्रममा जग्गा अधिग्रहण गरेको तथा अधिग्रहण गरेको जग्गाको मूल्यांकन गर्दा सम्बन्धीत पक्षले निज जग्गा धनी बल बहादुर विष्टले आफ्नो जग्गाको कम रकम मूल्यांकन भएको भनि मुआब्जा रकम नबुझेकोमा हाललाई निज बल बहादुर बिष्टको जग्गाको मुआब्जा रकम पुन: मूल्यांकन गर्नका लागि हुलाकी राजमार्ग निर्देशनालय धनगढी, कैलाली र सडक डिभीजन कार्यालय कञ्चनपुरलाई सिफारिस गरि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. ४ रकम उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा कार्यालयमा पेश हुन आएका निवेदन तथा आवश्यक कागजातहरुको जाँच गरि कागजातहरुका आधारमा तपशील अनुसारको रकम आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम समपुरक कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**तपशील**

१. नेपाल नगरपालिका संघको भवन निर्माण- रु. ५ लाख
२. प्रदेशस्तरिय सुधार केन्द्रको भवन निर्माण- रु. ५ लाख

**प्रस्ताव नं. ५ आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा कार्यालयमा पेश हुन आएका निवेदनहरुको जाँच गरि तपशील अनुसारको आर्थिक सहयता आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्य सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशील**

१. लम्कीचुहा नगरपालिका वडा नं. ४ निवासी मञ्जु रावलको परिवार- रु. १ लाख ५० हजार
२. लम्कीचुहा नगरपालिका वडा नं. ९ निवासी प्रकाश रजवार- रु. १५ हजार
३. लम्कीचुहा नगरपालिका वडा नं. ४ निवासी दुर्गा देवी उखेडा- रु. १५ हजार
४. लम्कीचुहा नगरपालिका वडा नं. २ निवासी कमला साउँद- रु. १५ हजार
५. लम्कीचुहा नगरपालिका वडा नं. १० निवासी गिता देवी थापा- रु. १५ हजार
६. लम्कीचुहा नगरपालिका वडा नं. १० निवासी पहल सुनार- रु. १५ हजार
७. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी सुमित्रा कुमारी चौधरी- रु. १५ हजार
८. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी कोकिला देवी दमाई- रु. १५ हजार
९. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी मिना तिमिल्सेना- रु. १५ हजार
१०. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी ललित मयाल- रु. १५ हजार
११. लम्कीचुहा नगरपालिका वडा नं. ८ निवासी निशा जैसी- रु. १५ हजार
१२. लम्कीचुहा नगरपालिका वडा नं. ६ निवासी योगेश विष्ट- रु. १५ हजार
१३. लम्कीचुहा नगरपालिका वडा नं. ६ निवासी धर्मदत्त न्यौपाने- रु. १५ हजार
१४. लम्कीचुहा नगरपालिका वडा नं. ३ निवासी दिपक चौधरी- रु. १५ हजार
१५. लम्कीचुहा नगरपालिका वडा नं. १० निवासी भोकारी चौधरी- रु. १५ हजार

Scanned with CamScanner

१६.गुरही असरैना कार्यक्रम- रु. १५ हजार

**प्रस्ताव नं. ६ रकम भूक्तानी गर्ने सम्बन्धमा।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका नदीहरुको प्रारम्भीक वातावरणीय परिक्षण (IEE) गरेको सम्झौता बमोजिम हुन आउने रकम रु. १९ लाख ४० हजार २ सय ४७ रुपैया ९४ पैसा प्याराडाईम इन्जिनियरिङ कन्सल्टेन्सीलाई आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम समपुरक कोष शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रमाणित

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner